कर्णाली प्रदेश सरकार
भूमि ब्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि बिकास निर्देशनालय
**कृषि बिकास कार्यालय**
मान्म, कालिकोट
☎ ०८७–४४०११८

प.सं. २०७७/७८ मिति:- २०७७/८/२६
च.नं.-१०५

**विषयः मकै बीउ उत्पादन श्रोत केन्द्र स्थापना सम्बन्धि सूचना।**

प्रस्तुत विषयमा यस कार्यालयको आर्थिक वर्ष २०७७/७८ को बार्षिक लक्ष्य अनुसार मकै बीउ उत्पादन पकेट क्षेत्रमा मकै बीउ उत्पादन श्रोत केन्द्र स्थापना गर्ने कार्यक्रम रहेकोले मकै बीउ उत्पादन पकेट क्षेत्रका इच्छुक बीउ उत्पादन कृषक समूह/कृषि सहकारी संस्थाहरुबाट प्रस्ताव आह्वानका लागि यो सूचना प्रकाशित गरिएको छ । सूचना प्रकाशित मितिले ३० दिन भित्र (मिति २०७७/९/२६ गतेसम्म) कार्यालय समयमा आवश्यक कागजातहरु सहित आवेदन पेश गर्न सूचित गराइन्छ। म्याद नाघी वा रित नपुगी प्राप्त भएका निबेदन उपर कुनै कारबाही हुने छैन । यस सम्बन्धि थप जानकारीका लागि कार्यालयको *Website:* ***adokalikot.karnali.gov.np*** हेर्न वा टेलिफोन नं. ०८७४४०११८ मा सम्पर्क गर्न सकिने छ ।

**आबश्यक कागजातहरुः**

१. ब्यबसायिक योजना (संस्थाको अनुभव, बिद्यमान पूर्बाधार, उत्पादन, प्रसोधन तथा बजारीकरण योजना) सहितको आवेदन,
२. बीउ उत्पादन समूह/सहकारीको दर्ता प्रमाणपत्र,
३. सहकारीको हकमा कर चुक्ता, लेखापरीक्षण प्रमाण पत्रको प्रतिलिपि,
४. सम्बन्धित वडा कार्यालय र कृषि शाखाको सिफारिस-पत्र,
५. प्रस्ताव पेश गर्ने सम्बन्धि समूह/सहकारी संस्थाको निर्णयको प्रतिलिपि,
६. संचालक समितिका पदाधिकारी हरुको नागरिकता प्रमाण पत्रको प्रतिलिप ।

भरत बहादुर वस्नेत
निमित्त प्रमुख

कर्णाली प्रदेश सरकार
भूमि ब्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि बिकास निर्देशनालय
# कृषि बिकास कार्यालय
मान्म, कालिकोट
☎ ०८७–४४०११८

प.सं. २०७७/७८ मितिः- २०७७/८/२६
च.नं- १०५

विषयः- **सूचना टाँस सम्वन्धमा** ।

श्री जिल्ला प्रशासन कार्यालय, कालिकोट ।
श्री जिल्ला समन्वय समितिको कार्यालय, कालिकोट।
श्री प्रदेश लेखा इकाई, कालिकोट ।
श्री खाडाचक्र/तिलागुफा/रास्कोट नगरपालिकाको कार्यालय, कालिकोट ।
श्री महाबै/शुभकालिका/नरहरिनाथ/सान्नीत्रिबेणी/पचालझरना/पलाँता गाँउपालिकको कार्यलय, कालिकोट ।

प्रस्तुत विषयमा यस कार्यालयको आ.व. २०७७/७८ को वार्षिक लक्ष अनुसार मकै बीउ उत्पादन श्रोत केन्द्र स्थापना तथा संचालनका लागि प्रस्ताव आह्वान सम्बन्धि सूचनाको प्रति १ यसै पत्रसाथ सलग्न राखी पठाइएको छ, सूचना पाटीमा टाँस गरी सोको जानकारी यस कार्यालयमा पठाई दिनु हुन अनुरोध गरिन्छ ।

भरत बहादुर वस्नेत
निमित्त प्रमुख

Email: adokalikot@gmail.com Web: adokalikot.karnali.gov.np

कर्णाली प्रदेश सरकार
भूमि ब्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि बिकास निर्देशनालय
कृषि बिकास कार्यालय
मान्म, कालिकोट
☎ ०८७–४४०११८

पत्र संख्याः- २०७७/७८ मितिः २०७७/८/२६
चलानी नं.-१०६

विषयः **साझेदारीमा आधारित एक स्थानीय तह एक कृषि बाली उत्पादन बिशेष कार्यक्रम संचालन बारे ।**

श्री खाडाचक्र/तिलागुफा/रास्कोट नगरपालिकाको कार्यालय, कालिकोट ।
श्री महाबै/शुभकालिका/नरहरिनाथ/सान्नीत्रिबेणी/पचालझरना/पलाँता गाँउपालिकको कार्यलय, कालिकोट ।

प्रस्तुत विषयमा यस कार्यालयको आर्थिक वर्ष २०७७/७८ को बार्षिक लक्ष्य अनुसार यस जिल्लाका नौ (९) ओटै स्थानीय तहमा पकेट क्षेत्रको पुर्वाधारसंग तालमेल गरी ब्यबसायिक कृषि क्षेत्रमा एकीकृत कृषि सेवा उपलब्ध गराई कृषि उपजको उत्पादन तथा उत्पादकत्व बृद्धि गर्ने उदश्यले कृषि बिकास कार्यालय र तहाँ कार्यालयसंग को सहकार्य/साझेदारीमा **एक स्थानीय तह एक कृषि बाली उत्पादन बिशेष कार्यक्रम** संचालन गर्नुपर्ने भएकोले तहाँ कार्यालयबाट बाली तथा पकेट क्षेत्र छनौट र सहकार्य/लागत साझेदारी सम्बन्धि निर्णय गरी यथासिघ्र यस कार्यालयलाई जानकारी दिनुहुन अनुरोध छ ।

भरत बहादुर वस्नेत
निमित्त प्रमुख

पुनश्च :

- पकेट क्षेत्रको न्यूनतम मापदण्ड (खाद्यान्न/फलफूल बाली-१५ हेक्टर, तरकारी बाली-५ हेक्टर, पलास्टिक घरमा तरकारी खेती-१ हेक्टरमा) पुरा गरेको हुनुपर्ने छ ।
- बिगतमा तोकिएको वालीका पकेट/ब्लक कार्यक्रम संचालन नगरिएको क्षेत्रलाई प्राथमिकता दिनुपर्ने छ ।